आज मिति २०७५/१०/२४ गते दिनको १:०० वजे यस गोरखा नगरपालिका गोरखाका नगर प्रमुख श्री राजन राज पन्तज्यूको अध्यक्षतामा नगरपालिकाको बैठक बस्यो । बैठकमा निम्न कार्यपालिकाका सदस्य ज्यूहरुको उपस्थिति रहेको छ :

| सि.नं. | पद | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | | |
| २ | नगर उप प्रमुख | श्री विना कुमारी श्रेष्ठ | | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत वहादुर कुँवर | | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिँया | | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम वहादुर वोगटी | — | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप वहादुर अधिकारी | — | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री रामकुमार थापामगर | | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण वहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल वहादुर कुँवर | — | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री देवी वहादुर वस्नेत | | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री राम वहादुर खड्का | | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल वहादुर थापा | — | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि वहादुर खनाल | — | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री राम वहादुर खड्का | | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री साबित्रा थापा मगर | — | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | — | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण कुमारी श्रेष्ठ | | |

Scanned by CamScanner

मिति २०७५।१०।२४ मा बस्ने कार्यपालिका बैठकमा पेश हुने प्रस्तावहरु:

१. नगरसभा हुने मिति संशोधन गर्ने सम्वन्धमा ।

२. नगरस्तरीय खेलकूद हुने मिति संशोधन गर्ने सम्वन्धमा ।

३. गोरखा नगरपालिकाको स्वास्थ्य ऐन, २०७५ नगरसभामा पेश गर्ने सम्वन्धमा ।

४.गोरखा नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ को संशोधन सम्वन्धी प्रस्ताव सम्बन्धमा ।

५.हेवीइक्यूपमेण्ट अपरेटर लक्ष्मण घिमिरेको कामको सिलसिलामा अनुहार पोलेको उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा ।

६. वडा नं. ८ को वडा समितिको मिति २०७५।१०।२३ गते वसेको बैठकको निर्णयानुसार मर्मत सम्भार कोषको रकम, कार्यालय व्यवस्थापनको रकम र अन्य योजनाको रकम रकमान्तर, योजना स्वीकृत तथा योजना परिवर्तन गर्ने सम्वन्धमा ।

७.विविध सम्वन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १.**

प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०७५।१०।०३ को कार्यपालिका बैठकको निर्णयबाट यो वर्षको हिउदे नगरसभा मिति २०७५।१०।२८ गते बस्ने भनिएकामा प्राविधिक कारणले गर्दा उक्त नगरसभा आगामी मिति २०७५।११।०३ गते बस्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७५।१०।०३ को कार्यपालिका बैठकको निर्णयबाट नगरस्तरीय फूटबल खेल मिति २०७५।११।१७ देखि १९ गते सम्म सञ्चालन गर्ने भनिएकोमा खेल हुने स्थानमा शिवरात्री मेला लाग्ने तथा सो समयमा नगर भित्रैको क्लबस्तरीय खेल हुने जानकारी प्राप्त भएकोले उक्त खेल सञ्चालन हुने मिति परिवर्तन गरी मिति २०७५।११।२२, २३, २४ र २५ गते सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

स्वास्थ्य ऐन, २०७५ को मस्यौदा माथि छलफल गरी पारित गर्नका लागि मिति २०७५।११।०३ मा हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

राजनराज पन्त
प्रमुख

[कुमारी श्रेष्ठ]
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा गोरखा नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ को संशोधन सम्बन्धी प्रस्ताव मिति २०७५।१०।२९ गते बसेको कार्यपालिका बैठकमा पुनः छलफल गरी नगरसभामा उक्त संशोधनको प्रस्ताव लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५**

हेवीइक्यूपमेण्ट अपरेटर लक्ष्मण घिमिरेको कामको सिलसिलामा अनुहार पोलेको उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा छलफल गर्दा मिति २०७५।०९।१० गते कार्यालय समयमा काम गर्दागर्दै (ब्याकहो लोडर) मेशिनको कुलेन रिटन पाइप फुट्केर निजको हात र अनुहार पोलेकोले सोको उपचार खर्च निजले पेश गरेको विल भरपाईको रकम रु. ३,८००।- (तीन हजार आठ सय) आर्थिक सहयोग स्वरुप दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं. ८ को वडा समितिको मिति २०७५।१०।२३ गते बसेको बैठकको निर्णयानुसार मर्मत सम्भार कोषमा बांकी रहेको रकम, कार्यालय व्यवस्थापनको बांकी रकम, अपाङ्ग वालबालिका सामाग्री वितरणमा विनियोजन गरिएको रकम रु. १ लाख र आहालेगाउं फिल्टर सहित ट्याङ्की निर्माणको बांकी रकम रु. २७५,०००/- (दुई लाख पचहत्तर हजार) समेत गरि जम्मा रु. १२००,०००/- (बाह्र लाख) योजना स्वीकृत तथा रकमान्तर गर्न पेश भएका तपशीलका योजनाहरु छनौट तथा उल्लेख भए बमोजिम रकम रकमान्तर गर्ने निर्णय स्वीकृत गरियो ।

(१) आमडाडा खेलकूद मैदान निर्माण थप रकम रु. १,००,०००।- (एक लाख)

(२) कट्टेलडाडा भञ्ज्याङमा क्रियापुत्री ट्रस भवन निर्माण रु. ४०,०००।- (चालीस हजार)

(३) लामो चौताराबाट डाँडागाउँ जाने सिढी निर्माण रु. ६०,०००।- (साठी हजार)

(४) आयुर्वेद चौताराबाट चोक जाने बाटोमा वाल निर्माण रु. १,००,०००।- (एक लाख)

(५) सिमलगैरी खानेपानीको लागि पम्प र प्यानलबोर्ड खरिद रु. २,००,०००।- (दुई लाख)

(६) भुवानीखोला खानेपानी पम्म खरिदको लागि रकम व्यवस्थापन रु. १,२५,०००।- (एक लाख पच्चीस हजार)

(७) आहाले भञ्ज्याङ खत्रीगाउँ देखि ठिगुरेश्वाँरा सम्म सिढी निर्माण रु. १,००,०००।- (एक लाख)

(८) कट्टेलचोक कट्टेलडाडा आमडाडा कुमालबेशी सडक मर्मत सम्भार रु.१,००,०००।- (एक लाख)

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

(९) बराह टोल नेवार बस्तीमा नेवार बाजा खरिद रु.५०,०००।- (पचास हजार)

(१०) आलेगाउँ पञ्चे बाजा मर्मत रु. ३५,०००।- (पैंतीस हजार)

(११) सरस्वती मा.वि. अपांग कक्षा मर्मत रु. ३५,०००।- (पैंतीस हजार)

(१२) तारजाली खरिद गरी पीडित किसानलाई वितरण रु. १,५०,०००।- (एक लाख पचास हजार)

(१३) खोलखोले शिव मन्दिर परिसरमा शौचालय निर्माणको लागि रु. १,००,०००/ (एक लाख) विनियोजन गरिएकोमा उक्त योजना परिवर्तन गरी सोही स्थानमा रहेको खोलखोले प्रतिक्षालय भवन मर्मत सम्भार गर्न रु. १००,०००/- (एक लाख) र उक्त योजनालाई रु. ५०,०००।- (पचास हजार) थप गरी जम्मा १,५०,०००।-( एक लाख पचास हजार) विनियोजन गर्ने ।

(१४) वडा स्तरीय फुटवल प्रतियोगिता सञ्चालन रु. ३०,०००।- (तीस हजार)।

(१५) आलेगाउँ खानेपानी लाइन सडक निर्माण गर्ने क्रममा क्षदबिच्छेद भएको हुदा उक्त खानेपानी लाइन मर्मत सम्भार गर्न रु. २५,०००।-(पच्चीस हजार) विनियोजन गर्ने निर्णय गरियो ।

जम्मा रु. १२,००,०००/- (बाह्र लाख)

**निणंय नं. ७**

प्रस्ताव नं. ७ विविध माथि छलफल गर्दा गोरखा नगरपालिकाको भाषा, संस्कृति र ललितकला संरक्षण सम्बन्धी कार्यविधि, २०७५ को मस्यौदा तथा सार्वजनिक सम्पत्ति तथा सामुदायिक भवनको रेकर्ड अद्यावधिक सम्वन्धी कार्यविधि, २०७५ मस्यौदा मिति २०७५।१०।२९ गते बस्ने कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner